# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............कर्मचारी प्रशासन........ शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन) रामशाहपथ, काठमाडौं

चलानी नं. :- ६५१

मिति :- २०८१/०६/०८

ने.सं. ११४४ ञलागा ७

विषयः निर्देशन सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।

विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८१/०६/०८ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. ७५८ मिति २०८०/०८/०४ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

**निर्देशन नं. ३५:**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) तथा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० बमोजिम मिलापत्र गराउन आदेश दिंदा सम्बन्धित सरकारी वकील कार्यालयले देहाय बमोजिम गर्नेः

(क) मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ अन्तर्गतको सर्वसाधारणको ठगी, अनुचित लेनदेन, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी आपराधिक विश्वासघात, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्वन्धी ठेक्का वा करारको काममा फरक पार्ने सम्वन्धी मुद्दा, सर्वसाधारणको सम्पत्ति हानि, नोक्सानी भएको मुलुकी अपराध संहिता, २०७४ दफा २८५ बमोजिमको आपराधिक उपद्रव सम्वन्धी मुद्दा कानून बमोजिम मिलापत्र गराउन आदेश दिने,

(ख) यस कार्यालयको मिति २०८०।०४।११ को निर्णय बमोजिम जारी भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० को दफा ११ खारेज गरी मिलापत्र हुने मुद्दामा अभियोग माग दावी वा फैसलामा नै प्रत्येक प्रतिवादीको हकमा बिगो रकम यकिन भएको रहेछ भने आफ्नो दायित्वमा रहेको बिगो रकमको हकमा पीडित र सम्बन्धित प्रतिवादीले मिलापत्र गर्न चाहेमा यस्ता प्रतिवादीको हकमा आंशिक मिलापत्र गराउन आदेश दिने ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

Scanned with CamScanner

(ग) सिंहबहादुर तामाङ्ग विरुद्ध महान्यायाधिवक्ता कार्यालय समेत भएको ने.का.प. २०८०, अंक ७ निर्णय नं. ११९३५ को मुद्दामा सर्वसाधारण शब्द भित्र कानूनी व्यक्ति वा संस्था समेत पर्ने भनी व्याख्या भएको सन्दर्भमा मिलापत्रका लागि संगठित संस्था (कानूनी व्यक्ति) समेतलाई सर्वसाधारण मानी मिलापत्र गराउन आदेश दिने ।

**निर्देशन नं. ३६:**

सर्वोच्च अदालतबाट नेपाल राष्ट्र बैंकको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिव्यकुमार श्रेष्ठ समेत भएको बैकिङ्ग कसूर मुद्दा (०७९-RF-००२४) मा मिति २०८०।०३।२४ मा अभियोगपत्र दायर हुँदा कर्जा चुक्ता भइसकेको देखिएको अवस्थामा समेत उक्त कार्य बैंकिङ कसूर अन्तरगत पर्ने भनी गम्भीर कसूर कायम गरी सजायका लागि माग दाबी गरेको कार्य न्यायोचित समेत नदेखिने भनी प्रतिवादीहरुले अभियोग दावीवाट सफाई पाउने गरी फैसला भएको सन्दर्भमा ऋण लिएका व्यक्तिले ऋण चुक्ता नगरेको कारणले उत्पन्न भएको बैङ्किग कसूर वा सहकारी ऐन अन्तर्गतको कसूरको सम्बन्धमा मुद्दा दायर हुनु भन्दा अगाडि तिर्नु पर्ने सावाँ, व्याज भुक्तान गरेको प्रमाण पेश गरेको मुद्दामा सामान्यतया अभियोजन नगर्ने । यस्ता मुद्दामा अभियोजन गरिएको भएपनि सम्वन्धित बैंक वा वित्तिय संस्था वा सहकारी संस्था वा पीडित व्यक्ति र प्रतिवादीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ (२) तथा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० बमोजिम प्रक्रिया पूरा गरी मिलापत्र गर्न चाहेमा मिलापत्रको लागि आदेश दिने ।

**निर्देशन नं. ३७:**

महिला र पुरुष दुवै जना नाबालक भएको र बावु आमाको मञ्जुरी नलिई विवाह गरेको वा भागी अर्को स्थानमा गई वैवाहिक सम्वन्ध कायम गरेको जरियावाट उठान भएको मुद्दामा कतिपय सन्दर्भमा जबरजस्ती करणी, शरीर बन्धक तथा अपहरण, एकीकृत कसूर जस्ता विषयमा समेत जाहेरी पर्ने र अभियोजन हुने गरेको देखिन्छ। यसै सन्दर्भमा सर्वोच्च अदालतबाट मिति २०७९।०७।२८ मा परिवर्तित नाम संगिताको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्तोष कुमार यादव भएको (०७५-CR-२६३८) अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी मुद्दामा "जबरजस्ती करणी (Statutory Rape) र बालविवाह (Child Marriage) मा हुन सक्ने करणीको उद्देश्य, पृष्ठभूमि, तयारी, कार्य र मान्यतामा नै आधारभूत रुपमा फरक रहन जाने हुनाले



Scanned with CamScanner

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(............कर्मचारी प्रशासन........ शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

चलानी नं. :- ६५१

रामशाहपथ, काठमाडौं

मिति :- २०८१/०६/०८

ने.सं. ११४४ ञलागा ७

जबरजस्ती करणी (Statutory Rape) लाई बालविवाहको सन्दर्भमा उमेर मात्रको सिमावद्ध गर्न सकिने अवस्था रहँदैन" भनी व्याख्या भएको छ। बालबालिकाको सर्वोत्तम हितलाई संरक्षण गर्नु नेपाल सरकारको कर्तव्य हो । यस्तो अवस्थामा अनुसन्धान र अभियोजन गर्दा अधिक अपराधिकरण गरी नाबालकलाई धेरै मुद्दा चलाउने भन्दा सुधार गर्ने गरी अनुसन्धान र अभियोजन गर्नु उचित हुन्छ। बालविवाह बाहेक अन्य विषयहरु बालविवाहको परिणामस्वरुप सृजना भएको परिस्थितिको कारण उत्पन्न भएको र अन्य कसूर गर्ने गराउने मनसाय राखी कार्य भएको रहेनछ भने अधिक अपराधिकरण नहुने गरी बालविवाहको कसूरमा मात्र अनुसन्धान र अभियोजनको कारवाही अगाडि बढाउने।

**निर्देशन नं. ३८:**

मुद्दाको अनुसन्धानको क्रममा कुनै शंकित उपर पक्राउ पूर्जी जारी नभएको वा अनुसन्धानको क्रममा हिराशतमा नराखी अनुसन्धान भएकोमा अभियोजन गर्दा त्यस्ता व्यक्तिलाई अभियोगपत्र साथ उपस्थित गराउन नसकेकोमा अभियोगपत्रमा निजको हकमा फरार प्रतिवादी भन्ने वाक्यांशको सट्टामा "अनुपस्थित प्रतिवादी" भनी उल्लेख गर्ने।

**निर्देशन नं. ३९:**

अनुसन्धानको क्रममा प्रचलित कानून बमोजिम बैंक खाता वा सम्पत्ति रोक्का राखिएकोमा, अभियोगपत्रमा त्यस्तो बैंक खाता वा सम्पत्तिबाट पीडितलाई बिगो वा क्षतिपूर्ति भराइपाउने वा जफत गरिपाउने माग दावी लिनुपर्ने अवस्था रहेनछ भने अनुसन्धानको क्रममा रोक्का राखेको बैंक खाता वा सम्पत्ति अभियोगपत्र दायर गर्दाके बखत वा पक्षको अनुरोधमा अनुसन्धान गर्ने निकायमा फुकुवाको लागि लेखी पठाउने। साथै रोक्का राखेको सम्पत्ति वा बैंक खाताबाट पीडितलाई बिगो वा क्षतिपूर्ति भराई पाउने माग दावी लिइएको रहेछ भने बिगो वा क्षतिपूर्ति भराई पाउने माग दावी लिइएको हदसम्मको बैंक खातामा रहेको रकम वा सम्पत्ति रोक्का राखी अन्य सम्पत्ति फुकुवाको लागि अनुसन्धान गर्ने निकायमा लेखी पठाउने ।

२०८१/०६/०८

(पुष्पराज बास्तोला)

उपन्यायाधिवक्ता

**अवगतार्थ:**

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

Scanned with CamScanner